Sexual Assault Support Service

# मञ्जुरनामा नीति

## SASS मञ्जुरनामा बारे बुझाइ

### तपाईंको रोजाइ महत्त्वपूर्ण छ

यौन दुर्व्यवहार सहायता सेवा (SASS) मा आफ्नो सहायता बारे तपाईंलाई सुझबुझपूर्ण रोजाइ लिने अधिकार छ भन्ने कुरामा हामी विश्वास गर्छौं।

निम्न कुराहरू बुझ्न मद्दत गर्न हामी तपाईंसँगै काम गर्नेछौँ:

- ✓ हामीले प्रदान गर्ने सेवाहरू
- ✓ परामर्शमा के के हुन्छ
- ✓ तपाईंको जानकारी कसरी सङ्कलन र प्रयोग गरिन्छ
- ✓ तपाईंका अधिकार र रोजाइहरू
- ✓ गोपनीयता बारे सीमा

हामी तपाईंले आफ्नो सहायता बारेमा निर्णयहरू लिँदा तपाईं जानकार रहेको, संलग्न भएको र सम्मानित महसुस गरेको हेर्न चाहन्छौँ।

### मञ्जुरनामा भनेको के हो?

मञ्जुरनामा भनेको कुनै कुरामा "Yes" भनेर सहमति जनाउनु हो किनभने तपाईंले त्यसमा के समावेश छ भन्ने कुरा बुझ्नुहुन्छ र तपाईं त्यसमा सहमत हुन चाहनुहुन्छ।

मञ्जुरनामा यस्तो हुनुपर्छ:

- ✓ तपाईंको रोजाइ अनुसार
- ✓ सूचित
- ✓ विशिष्ट
- ✓ निरन्तर संवाद

तपाईंले निम्न कुराहरू गर्न सक्नुहुन्छ:

- ✓ निर्णय लिनु अघि प्रश्नहरू सोध्न
- ✓ आफ्नो रोजाइहरूको बारेमा सोच्ने समय लिन
- ✓ कुनै पनि समयमा आफ्नो मन परिवर्तन गर्न

### हामीले के स्पष्ट पार्नेछौँ?

तपाईंले परामर्श सुरु गर्नु अघि, हामी तपाईंसँग निम्न कुरा गर्नेछौँ:

- हामीले कस्ता कस्ता सहायता प्रदान गर्न सक्छौँ
- परामर्शमा के के समावेश हुन सक्छन्
- परामर्शका सम्भावित फाइदाहरू र चुनौतीहरू
- हामीले जानकारी कसरी गोपनीय राख्छौँ

- मानिसहरूलाई सुरक्षित राख्नको लागि हामीले जानकारी साझा गर्नुपर्ने अवस्थाहरू
- तपाईंका अधिकार र जिम्मेवारीहरू
- कुनै पनि समयमा मञ्जुरनामा फिर्ता लिने तपाईंको अधिकार
- कसरी गुनासो वा उजुरी गर्ने
- रिपोर्टिङको उद्देश्यका लागि हामीले तपाईंको तथ्याङ्क कसरी प्रयोग गर्छौं

हामी तपाईंलाई जुनसुकै बेला प्रश्नहरू सोध्न प्रोत्साहित गर्छौं।

## मञ्जुरनामा एउटा निरन्तर संवाद हो

मञ्जुरनामा एक पटक मात्र हुने कुरा होइन।

विशेष गरी आघात पश्चात मानिसहरूलाई सूचना प्रशोधन गर्न समय लाग्न सक्छ भन्ने कुरा हामी बुझ्छौँ।

हामी तपाईंसँग रहँदासम्म निम्न कुराहरू सुनिश्चित गर्न तपाईंसँग सम्पर्कमा रहनेछौँ:

- ✓ के भइरहेको छ भन्ने कुरा बुझेको
- ✓ प्रदान गरिएका सहायतासँग सहज महसुस गरेको
- ✓ प्रश्न सोध्ने अवसर प्राप्त गरेको
- ✓ आफ्नो मन परिवर्तन गर्न सक्ने कुरा थाहा भएको

## तपाईंको रोज्ने अधिकार

तपाईंलाई निम्न अधिकार छ:

- ✓ सहायता स्वीकार वा अस्वीकार गर्ने
- ✓ प्रश्नहरू सोध्ने
- ✓ थप जानकारी अनुरोध गर्ने
- ✓ निर्णय लिनु अघि समय लिने
- ✓ आफ्नो मन परिवर्तन गर्ने
- ✓ आफ्नो मञ्जुरनामा फिर्ता लिने

यदि तपाईंले कुनै कुरामा मञ्जुरनामा जनाउनुभएन भने, हामीले प्रदान गर्ने सहायतामा यसले पार्न सक्ने कुनै पनि प्रभावको बारेमा हामी छलफल गर्नेछौँ र सम्भव भएसम्म अन्य विकल्पहरू खोज्ने छौँ।

## गोप्यता र गोपनीयता

हामीले जानकारी साझा गर्न आवश्यक पर्न सक्ने निकै कम निम्न अवस्थामा बाहेक, तपाईंले हामीसँग साझा गर्नुभएको जानकारी गोपनीय रहन्छ:

- जब कसैलाई गम्भीर हानि पुग्ने जोखिम हुन्छ
- जब बालबालिका तथा किशोरकिशोरीहरू असुरक्षित हुन्छन्
- जब हामीलाई कानुनी रूपमा त्यसो गर्न आवश्यक हुन्छ

सम्भव भएसम्म, हामीले त्यसो गर्नु अघि कुन जानकारी साझा गर्न आवश्यक छ र किन भन्ने कुरा स्पष्ट पार्नेछौँ।

## व्यावसायिक सुपरिवेक्षण

सुरक्षित र उच्च-गुणस्तरको सेवा प्रदान गर्न SASS का सल्लाहकारहरू नियमित रुपमा व्यावसायिक सुपरिवेक्षणमा सहभागी हुन्छन्।

व्यावसायिक सुपरिवेक्षण, परामर्श अभ्यासको एक स्तरीय अंश हो। यसले सल्लाहकारहरूलाई सहायता, मार्गदर्शन र उनीहरूको काम बारे मनन गर्ने अवसरहरू प्रदान गर्दछ, जसले गर्दा सेवाग्राहीहरूले उच्च स्तरीय हेरचाह प्राप्त गरेको सुनिश्चित गर्न मद्दत गर्दछ।

सुपरिवेक्षणमा साझा गरिएका सबै जानकारी गोपनीय रहन्छन् र हामीले सम्भव भएसम्म तपाईंको पहिचान खुल्ने जानकारी हटाउँछौँ।

## बालबालिका तथा किशोरकिशोरीहरू

बालबालिका तथा किशोरकिशोरीहरूलाई सहायता गर्दा, हामीले निम्न कुराहरू विचार गर्नेछौं:

- उनीहरूको उमेर
- उनीहरूको बुझाइको स्तर
- उनीहरूको सुरक्षा र कल्याण
- कानुनी आवश्यकताहरू

परिस्थिति अनुसार, आमाबाबु, अभिभावक वा अधिकृत हेरचाहकर्ताले मञ्जुरनामा दिनुपर्ने हुन सक्छ।

हामीले सम्भव भएसम्म बालबालिका र किशोरकिशोरीहरूको विचारहरु लिनेछौँ र त्यसलाई सम्मान गर्नेछौं र उनीहरूलाई असर पार्ने निर्णयहरूमा उनीहरुलाई संलग्न गराउन सहयोग गर्नेछौं।

## पहुँचयोग्य र समावेशी सहायता

सबैजनाले फरक फरक तरिकाले संवाद गर्छन्, जानकारी बुझ्छन् र सेवाहरूमा पहुँच लिन्छन् भन्ने कुरा हामी बुझ्छौं। हामी हाम्रो सेवालाई सकेसम्म पहुँचयोग्य बनाउन तपाईंसँग काम गर्नेछौँ। यसमा निम्न समावेश हुन सक्छन्:

- ✓ सरल भाषाको प्रयोग
- ✓ दोभाषेको व्यवस्था
- ✓ अनुवाद गरिएको जानकारी
- ✓ सम्भव भएसम्म अन्य संवाद सहायताहरु

हामी स्वागतयोग्य, समावेशी र सांस्कृतिक रूपमा सुरक्षित सेवा प्रदान गर्न प्रतिबद्ध छौँ।

## प्रश्न वा गुनासोहरू

यदि तपाईंसँग मञ्जुरनामा, गोपनीयता वा सहायता बारेमा प्रश्नहरू छन् भने, कृपया आफ्नो सल्लाहकार वा SASS प्रशासक टोलीसँग कुरा गर्नुहोस्।

तपाईं हामीसँग रहेको समय अवधिभरि सूचित रहेको, सम्मानित र सहायता प्राप्त गरेको सुनिश्चित गर्न चाहन्छौँ।